# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक , धुलिखेल नगरपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तारानाथ लुईँटेल | २०७७-१२-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धन बहादुर वस्नेत | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३३,१८६,७२२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६,९२,८७,९६१.२८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,५०,७६,५९९.०७ | **चालु खर्च** | ५०,२२,६२,४४६.४७ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,४७,८१,०७१ | **पूँजीगत खर्च** | ३३,१०,८८,८०३.४४ |
| **राजश्व बाँडफाँट** | १५,३९,७७,३७४.४९ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ५,०८,७८,५१७.६५ | | |
| **अन्य आय** | २०,८०,३९,१५६.६५ | | |
| **कुल आय** | ८८,२७,५२,७१८.८६ | **कुल खर्च** | ८३,३३,५१,२४९.९१ |
| **बाँकी मौज्दात** | | ११,८६,८९,४३०.२३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले २०४३।११।५ मा धुलिखेल नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु धुलिखेल नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६२ सभा सदस्य, ५५वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०६८ अनुसार ३२ हजार १६२ जनसंख्या रहेको छ । | |
| २ | | | **बित्तिय बिबरण**<br>**क)स्थानीय संचित कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 2077/ 7८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| विवरण | यस वर्ष रु. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ८५७४७१४३७.७१ | ७९७२५९०३४.१८ | ७९७२५९०३४.१८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७६९३९२०४७.०० | ७१७२९०६५४.४४ | ७१७२९०६५४.४४ |
| ११००० कर | १६१६२५११३०.०० | १७५२७६५१६.९१ | १७५२७६५१६.९१ |
| १३००० अनुदान | ५४८८६८६२०.०० | ४९२४४११७१.३० | ४९२४४११७१.३० |
| संघीय सरकार | ४४७१२८६२०.०० | ४१५०७६५९९.०७ | ४१५०७६५९९.०७ |
| प्रदेश सरकार | ६१७४००००.०० | ५४७८१०७१.०० | ५४७८१०७१.०० |
| जनसहभागिता | ४०००००००.०० | २२५८३५०१.२३ | २२५८३५०१.२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ३ | | |
| | | | | १४००० अन्य राजस्व | ४२८१६०००.०० | २९३६९०६३.२३ | २९३६९०६३.२३ | | |
| | | | | १५००० विविध प्राप्ति | १६०८२२९७.०० | २०२०३९०३.०० | २०२०३९०३.०० | | |
| | | | | ख. अन्य प्राप्ति | ८८०७९३९०.७१ | ७९९६८३७९.७४ | ७९९६८३७९.७४ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | | |
| | | | | कोषहरु | ८८०७९३९०.७१ | ७१९५२४६४.७४ | ७१९५२४६४.७४ | | |
| | | | | धरौटी | ०.०० | ८०१५९१५.०० | ८०१५९१५.०० | | |
| | | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | | |
| | | | | भुक्तानी (ग+घ) | ९७८४०६३४०.७१ | ७१८६३९७३१.२३ | ७१८६३९७३१.२३ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ८९०३२६९५०.०० | ६६७३९८४६८.८७ | ६६७३९८४६८.८७ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | २६३४४९९३५.०० | २४३६७५५३७.०२ | २४३६७५५३७.०२ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८३१९८३२०.०० | १४३०९३१५३.२५ | १४३०९३१५३.२५ | | |
| | | | | २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ५०००००.०० | ०.०० | ०.०० | | |
| | | | | २५००० सहायता (Subsidy) | १०००००.०० | ७५३००.०० | ७५३००.०० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २६००० अनुदान | ५००००००.०० | ४७५०००.०० | ४७५०००.०० | | |
| | | | २७००० सामाजिक सुरक्षा | ३००००००.०० | ३००००००.०० | ३००००००.०० | | |
| | | | २८००० अन्य खर्च | २५८०१३०.०० | १३२२९१५.०० | १३२२९१५.०० | | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ४३५५९८५६५.०० | २७४४५९४६२.५० | २७४४५९४६२.५० | | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १४००००००.०० | १२९७१०१.१० | १२९७१०१.१० | | |
| | | | घ. अन्य भूक्तानी | ८८०७९३९०.७१ | ५१२४१२६२.३६ | ५१२४१२६२.३६ | | |
| | | | कोषहरु | ८८०७९३९०.७१ | ४८३६४०८२.५६ | ४८३६४०८२.५६ | | |
| | | | धरौटी | ०.०० | २९१६६९७.८० | २९१६६९७.८० | | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | -३९५१८.०० | -३९५१८.०० | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | -१२०९३४९०३.०० | ७८६१९३०२.९५ | ७८६१९३०२.९५ | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ३७३९०२०२.७७ | ३७३९०२०२.७७ | | |
| | | | वर्षान्तको बाँकी रकम (ङ + च) | -१२०९३४९०३.०० | ११६००९५०५.७२ | ११६००९५०५.७२ | | |
| | | | | | | | | |
| | | | बैंक तथा नगद बाँकी | | १०९८८५९००.९१ | १०९८८५९००.९१ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ख)ऋण लगानी नगरपालिकाले लिएको ऋण रकम देहाय बमोजिम रहेको छ ।<br><br>
<table>
<tr><th>सि नं</th><th>आयोजना</th><th>ऋण रकम</th><th>२०७८ आषाढसम्ममा तिर्नुपर्ने सौँवा</th><th>२०७८ आषाढसम्म तिर्नुपर्ने व्याज</th><th>२०७८ आषाढसम्म तिर्नुपर्ने जम्मा</th></tr>
<tr><td>१</td><td>संजिवनी स्कुल</td><td>439520.37</td><td>15797.07</td><td>11391.40</td><td>27188.47</td></tr>
<tr><td>२</td><td>भवन निर्माण</td><td>1852189.60</td><td>58119.87</td><td>69825.01</td><td>127944.88</td></tr>
<tr><td>3</td><td>पसल भवन निर्माण</td><td>10686696.07</td><td>305334.17</td><td>402873.80</td><td>708207.97</td></tr>
<tr><td>४</td><td>काभ्रे खानेपानी</td><td>114123644.83</td><td>15660652.40</td><td>20113931.29</td><td>35774583.69</td></tr>
<tr><td></td><td>जम्मा</td><td>127102050.87</td><td>16039903.51</td><td>20598021.50</td><td>36637925.01</td></tr>
</table><br>
नगरपालिकाले आ व २०७७।७८ सम्ममा ऋण रु.127102050.87 को तिर्नुपर्ने साँवा र व्याज गरी रु.36637925.01बाँकी रहेकोमा नगरपालिकाले यस वर्ष काभ्रे खानेपानी को साँवा तथा व्याज वाहेक सम्झौता बमोजिमको साँवा ब्याज समयमै भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वजेट तथा खर्चः</td><td></td></tr>
<tr><td>३.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप प्रमुख श्री बिमला कुमारी चौलागाई शर्माले मिति २०७७।३।२१ गते रु.१ अर्व ११ करोड ११लाख ११ हजारको बजेट सभा समक्ष पेश भई पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>अबण्डा बजेट– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु.१ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट कार्यक्रम खर्च गर्ने गरेको पाइयो । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.३</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:
<table>
<tr><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>६२२१२३५५</td><td>४४४४७८५५</td><td>६।६६</td></tr>
<tr><td>सामाजिक विकास</td><td>३९८६७८२५०</td><td>३३५३३४७५०</td><td>५०।२४</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>३०५५८३५८०</td><td>१९०४०२५४१</td><td>२८।५३</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१४१०७५००</td><td>७६७२१५०</td><td>०।०१</td></tr>
<tr><td>कार्य संचालन तथा प्रशासनिक खर्च</td><td>१०९७४५२६५</td><td>८९५४११७२</td><td>१३।४२</td></tr>
<tr><td>जम्मा</td><td>८९०३२६९५०</td><td>६६७३९८४६८</td><td>100</td></tr>
</table>
पालिकाले यस वर्ष गरेको कुल खर्च मध्ये सवैभन्दा वढी सामाजिक विकासमा ५०.२४ प्रतिशत र सवै भन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ०.०१,आर्थिक विकासमा ६.६६ प्रतिशत तथा कार्य संचालन तथा प्रशासनिक खर्च १३.४२ प्रतिशत खर्च गरेको छ । यी सुचकहरुमा पालिकाले ध्यान पुर्याउनुपर्दछ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.४</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिती देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>धुलिखेल न.पा</td><td>२१७१२९</td><td>२२२९२</td><td>५०२६२</td><td>१४४६८५</td><td>९३७४०</td></tr>
<tr><td>संघीय कार्यक्रम</td><td>२९५९३०</td><td>७०८५५</td><td>४७२१५</td><td>१७७८६०</td><td>११४५९७</td></tr>
<tr><td>प्रदेश कार्यक्रम</td><td>१९२६४</td><td>१४४</td><td>२९८४</td><td>१६१३६</td><td>१२९६०</td></tr>
<tr><td>कूल खर्च:</td><td>५३२४३३</td><td>९३२९१</td><td>१००४६१</td><td>३३८६८१</td><td>२२१२९७</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>१७.५२</td><td>१८.८६</td><td>६३.६१</td><td>४१.५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>समग्र आन्तरिक राजस्व</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | व्यहोरा निम्न छन्ः<br>क) **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत आम्दानी गरेको देखिदैन पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।<br>ख) **विज्ञापन कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असुल गरी उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन।<br>ग) **कृषिमा आय कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ । तर पालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन । । | |
| ४.२ | | | **आम्दानीको स्थिति** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरले यस वर्ष विभिन्न शिर्षकमा रु. ५०८७८५१८।०० आम्दानी गरेको देखिन्छ । जसमध्ये भूमिकर मालपोत,सवारी साधन कर पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर, वहाल कर,पार्किङ शुल्क, शीर्षकमा अपेक्षा अनुसार राजस्व संकलन गर्न नसकेको देखिएकोले नगरपालिकाले यस्तो राजस्व वृद्धि गरी करको दायरा विस्तार गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| अन्तरिक श्रोत | | | |
| ११३१३ एकीकृत सम्पती कर | १००००० ०० | ११६२९०२७. ४७ | ११६.२९ |
| ११३१४ भुमिकर/मालपोत | २००००० | १२४८७२ | ६२.४४ |
| ११३२१ घरवहाल कर | ४००००० ० | ६१८६२४३.९ ५ | १५४.६६ |
| ११३२२ वहाल विटौरी कर | ५००००० | १८१२६२४ | ३६२.५२ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १००००० | ० | ०. |
| ११४५२ पुर्वाधार सेवाको | ३००००० | १५४६३७५ | ५१.५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उपयोगमा लाग्ने कर | ० | | | | |
| | | | | ११६३२ अखेटोपहारमा लाग्ने कर | ० | ० | | | |
| | | | | १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०५००००० | २१८६०० | २०.८२ | | |
| | | | | १४२१८ विद्युत सेवा शुल्क | ८०००००० | ६४७७०० | ८०.९६ | | |
| | | | | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ७००००००० | ४५९८४६२ | ६५.६९ | | |
| | | | | १४२२१ न्यायिक दस्तूर | ५०००००० | १२,६४० | २.५३ | | |
| | | | | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७०००००० | १४७५८०२ | २१०.८३ | | |
| | | | | १४२४१ पार्किङ्ग शुल्क | १८०००००० | ५४०६७० | ३०.०४ | | |
| | | | | १४२४२ नक्सापास दस्तुर | १४००००००० | ९२८९५८६.१९ | ६६.३५ | | |
| | | | | १४२४३ सिफारिश दस्तुर | ६१६६००० | ५२५४००७ | ८५.२१ | | |
| | | | | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६०००००० | ४६,८५० | ७.८१ | | |
| | | | | १४२४५ नाता प्रमाणित दस्तुर | २०००००० | ११४२६० | ५७.१३ | | |
| | | | | १४२४९ अन्य दस्तुर | २४०००००० | १८९२७५६.९७ | ७८.८६ | | |
| | | | | १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | २००००००० | १००६०६१.३३ | ५०.३ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४३१३ धरौटी सदरस्याहा</td><td>१०००००</td><td>१३,०३९.८०</td><td>१३.०४</td></tr>
<tr><td>१४५२९ अन्य राजस्व</td><td>१३००००<br>०</td><td>१२३४८६३.९<br>४</td><td>९४.९९</td></tr>
<tr><td>१४६११ व्यवसाय कर</td><td>४००००<br>०</td><td>३०२३७६४</td><td>७५.५९</td></tr>
<tr><td>१५१११ बेरूजू</td><td>५०००००</td><td>२१०३१२</td><td>४२.०६</td></tr>
<tr><td></td><td>६०९१६०<br>००</td><td>५०८७८५१८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>
व्यहोरा निम्न छन्ः<br>
क) नगरपालिकाले नगदी रसिदको विवरण पेश गरेको भएतापनि वडा कार्यालयहरुले कति प्रयोगमा ल्याइ वर्षको अन्त्यमा कति बाँकी छन् सो को अभिलेख नराखेको,नगरपालिकले प्राप्त भएको रसिदबाट एकमुष्ट जोड जम्मा गरी बैक दाखिला गर्ने गरेको पाइयो ।नगरपालिकाको१२ वटा वडाहरुमध्ये वडा नं १ सांग्रिला सफ्टवर प्रयोगमा नल्याएको पाईयो मेनुअल रसिदबाट हुने आम्दानीको दैनिक आम्दानी खाता, बैँक दाखिला खाता लगायतका म.ले. प. फारमहरु प्रयोग नगरेको कारण आम्दानी भिडान हुने अवस्था छैन उक्त वडामा पनि अनिवार्य रुपमा सफ्टवयर सञ्चालन गराउन पहल गर्नुपर्ने देखिन्छ ।<br>
ख) रकम ढिला दाखिला गर्ने आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.६ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले 2 /3 महिना पछी मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान जानु पर्दछ ।जस्तै वडा नं २ देखि १२ सम्मको महिनाको अन्त्यमा दाखिला गर्ने तर वडा नं १ ले 2 /3 महिनामा एक पटक दाखिला गर्ने गरेको पाईयो ।अनिवार्य रुपमा नियमावलीको परिपालनामा ध्यान दिनुपर्दछ ।<br>
ग) वडा अनुसार राजश्व संकलनको व्यवस्थाः नगरपालिकाले पेश गरेको वडागत आन्तरीक आम्दानीको विवरणमा वडाहरुको एकमुष्ट आम्दानी रु.५७३८१७२।१९गरेको देखाएकोमा शीर्षकअनुसार आम्दानी छुट्टिदैन ।नगरपालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।
<table>
<tr><td>वडा नं</td><td>कर</td></tr>
<tr><td>१</td><td>४८०३२०</td></tr>
<tr><td>२</td><td>११६६२३२</td></tr>
<tr><td>३</td><td>३६४२३३</td></tr>
<tr><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ४ | ७८९९१० | | |
| | | | ५ | ३३३३९६।१९ | | |
| | | | ६ | ३७३४१० | | |
| | | | ७ | ३२४८४० | | |
| | | | ८ | ५१०४७१ | | |
| | | | ९ | २५२९१२ | | |
| | | | १० | ४८९६८४ | | |
| | | | ११ | ६४७९२५ | | |
| | | | १२ | ४९४३२३ | | |
| | | | **जम्मा** | **५७३८१७२** | | |
| ४.४ | | | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ)मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान वर्षान्तमा रु ५६७८१६१९।०० रहेकोमा ढिला गरी संघीय तथा प्रदेश कोषमा फिर्ता गरेको छ । समयमै फिर्ता गर्ने प्रणालीको विकास गर्नुपर्दछ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदान को प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३२९०५४६२० | २८४७३१९३० | ४४२२६८९।९ |
| | विषेश | | | |
| | समपुरक | ११२००००० | ११२०००००० | ० |
| | अन्य | | | |
| प्रदेश सरकार | शसर्त | २२४३६००० | १९२६४८१० | ३१७११९० |
| | विषेश | ५०००००० | ५०००००० | · |
| | समपुरक | ३९२३५००० | २५४४७२६१ | ३७८७७३९ |
| जम्मा | | ४०२४२५६२० | ३४५६४४००१ | ५६७८१६१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **सेवा प्रवाह**<br>**सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ। | |
| ७ | | | **पेश्की व्यवस्थापन**<br>**पेश्की** – आ.व. को अन्त्यसम्म फर्स्यौट हुन नसकी देहायका व्यक्ति तथा संस्थाको नाममा बाँकी रहेको म्याद नाघेको पेश्की आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिम यथाशीघ्र फर्स्यौट हुनु पर्ने रु | २०,८९६,००० |

| क्र सं | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ११०४ | १०९७ |
| २. | घरबाटो सिफारिस | १४४० | १४२८ |
| ३. | नाता प्रमाणित | ३४८ | ३४५ |
| ४. | जन्म मृत्यु दर्ता | १९०२ | १९०२ |
| ५. | अन्य | ५७६६ | ५७४९ |

| **क्रम** | **कर्मचारीको नाम** | **पेस्की रकम** |
|---|---|---|
| ७.१ | भवानी कुमारी मिश्र | ९६,००० |
| ७.२ | श्री सिद्धिविनायक निर्माण सेवा | ७,५०,००० |
| ७.३ | जोशी जि कन्स्ट्रक्सन प्रा.लि | २३,००,००० |
| ७.४ | जन आर्दश निर्माण सेवा | ७,५०,००० |
| ७.५ | धुलिखेल अस्पताल | १६,५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७.६</td><td>कालीदेबी माध्यामिक विद्यालय धलिखेल ११</td><td>१८,००,०००</td></tr>
<tr><td>७.७</td><td>पूर्ण संजिवनी माध्यामिक विद्यालय धुलिखेल ६</td><td>६,५०,०००</td></tr>
<tr><td>७.८</td><td>बालज्योती आधारभुत विद्यालय धु न पा १०</td><td>१८,००,०००</td></tr>
<tr><td>७.९</td><td>शंखेश्वरी महालक्ष्मी माध्यामिक विद्यालय धुलिखेल १२</td><td>६,५०,०००</td></tr>
<tr><td>७.१०</td><td>श्रीखण्डपुर माध्यामिक विद्यालय</td><td>६,५०,०००</td></tr>
<tr><td>७.११</td><td>संजिवनी माध्यामिक विद्यालय धुलिखेल</td><td>१८,००,०००</td></tr>
<tr><td>७.१२</td><td>सेतीदेवी माध्यामिक विद्यालय धुलिखेल २</td><td>६,५०,०००</td></tr>
<tr><td>७.१३</td><td>सरस्वती माध्यमिक विद्यालय</td><td>६,५०,०००</td></tr>
<tr><td>७.१४</td><td>हनुमान माध्यामिक विद्यालय धुलिखेल ११</td><td>१८,००,०००</td></tr>
<tr><td>७.१५</td><td>देविस्थान मा वि विद्यालय देविटा।</td><td>१४,००,०००</td></tr>
<tr><td>७.१६</td><td>सरस्वती माध्यमिक विद्यालय</td><td>७,००,०००</td></tr>
<tr><td>७.१७</td><td>कालीदेबी माध्यामिक विद्यालय धलिखेल ११</td><td>२,००,०००</td></tr>
<tr><td>७.१८</td><td>पूर्ण संजिवनी माध्यामिक विद्यालय धुलिखेल ६</td><td>६,५०,०००</td></tr>
<tr><td>७.१९</td><td>शंखेश्वरी महालक्ष्मी माध्यामिक विद्यालय धुलिखेल १२</td><td>६,५०,०००</td></tr>
<tr><td>७.२०</td><td>बछलादेवी आधारभुत विद्यालय</td><td>६,५०,०००</td></tr>
<tr><td>७.२१</td><td>बिनायक बाल आधारभुत विद्यालय धुलिखेल ८</td><td>६,५०,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>न्याय सम्पादन<br>न्यायीक समितिःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो बर्ष थप भएको १९ गरी कुल २६ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई १९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्ः<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा प्रतिवेदन गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन, साथै पालिकावाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन,<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ वमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा हालसम्म पालिकाले सो खर्च संरचना तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्धकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन,<br>• दिगो विकास योजना(२०१५+३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्षयलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ वमोजिम स्थानीय तहले भू० जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिनसक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागू गरेको पाईएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकावाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन<br>• पालिकाले वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयारगरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेतापनी पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संम्वन्धमा  एकिन गर्न सकिएन ।<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाले यस वर्ष पान बिलमात्र समाबेस गरी खाना तथा विविध तर्फ रु.१८ लाख तथा बिबिध कार्यक्रम खर्च शीर्षकमा रु १० लाख ३५ हजार समेत रु २८ लाख ३५ हजार खर्च गरेको छ । नगरपालिकाले आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नु पर्ने देखियो । | |
| ११ | | | **सामाजिक सहायता खर्च ः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । तर नगरपालिकाले आन्तरिक चालू तथा नेपाल सरकारको चालू खर्च शीर्षकबाट बिरामीको प्रमाण राखी विभिन्न व्यक्तिलाई औषधी उपचार सहायता वापत, पर्व पूजा रथयात्रा जात्रा, तीज कार्यक्रम, विद्यालय बालविकास, खेलकुद कार्यक्रम, र अन्य विभिन्न संघ तथा संस्थालाई विभिन्न सामाग्री, खाजा, खाना, खाद्य सामाग्री, खेलकुद सामाग्री खरिद गरेका बिल र मागको आधारमा खर्चको अनुमानित लागत, स्वीकृत प्रस्ताव, प्रस्ताव अनुसारका खर्चका प्रमाणित बिल भर्पाइ बेगर रु ३०००००००। कार्यक्रम र आर्थिक सहायतामा खर्च गरेको देखियो। खर्चको अनुमानित लागत र प्रस्ताव अनुसारका प्रमाणित बिल बेगर भुक्तानी गर्दा खरिद गरिएका सामानको दुरुपयोग हुने, वास्तविक कार्यक्रममा खर्च नभई व्यक्ति विशेषलाई फाइदा पुग्ने र भुक्तानी रकम वास्तविक खर्च हो भनि यकिन गर्न सक्ने अवस्था नभएको हुँदा नगरपालिकाले नियम अनुकुल नहुने गरी यस्तो आर्थिक सहायता र कार्यक्रमगत सहयोग उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| १२ | | | **कर्मचारी कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२५०००००। ट्रान्सफर गरेको छ । नगरपालिकाका स्थानीय तहका कर्मचारीवाट कट्टा गरी राख्नुपर्नेमा राखेको छैन। तर उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन।यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| १३ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस स्थानीय तहले केहि निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। अतः नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ । | |
| १४ | | | **सार्वजनिक परिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्र्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाद्धारा संचालित विभिन्न सडक,सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायत कार्यक्रको सार्वजानिक सुनवाई गरेको भएतापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर डिभिजन इन्जिनियर १ सहित १८ जनाको प्राबिधिक दरबन्दी रहेकोमा २ जना सब इन्जिनियर र १ जना असिष्टेन्ट सब इन्जिनियर पदमात्र स्थाई पद पूर्ती रहि बाँकी १५ जना करारमा कार्यरत रहेको देखिएको छ । यसरी ठूलो संख्यामा प्राबिधिक पदमा करारमा नियुक्त गरी कार्य गर्दा नगरपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । यस तर्फ नगरपालिकाले ध्यान दिनु जरुरी छ । | |
| १६ | | | **करार सेवाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर यस नगरपालिकाले उल्लेखित पद वाहेकको विभिन्न पदमा ५४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१७३६६८३०।खर्च लेखेको छ । | |
| १७ | | | **तलबी प्रतिबेदनः**<br>निजामती सेवा ऐन,२०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले यस बर्ष कार्यालयमा कार्यरत नगर तर्फ समायोजन भएका कर्मचारीको तलबी प्रतिबेदन पारित नगरी रु ३७६५७२१२। तलब खर्च लेखेको छ । साथै अन्य बिषयगत शाखामा कार्यरत कर्मचारीहरुको पनि तलबी प्रतिबेदन पारीत नगरी खर्च  लेखेको छ । यसरी खर्च लेख्दा कर्मचारीहरुको ग्रेड रकम सम्बन्धमा यकिन हुन सकेन अतः सम्बन्धित स्थानबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | २०७८-३-१० | **कोभिड–१९ तर्फः** कोभिड सम्बन्धमा आम्दानी र खर्चको व्यहोरा निम्नानुसार छः | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | 1000000 | राहात वितरण | 588000 |
| प्रदेश  सञ्चित कोषबाट | 6000000 | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 0 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | 2600000 | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 558908 |
| संघीय कोभिड कोषबाट | 0 | जनशक्ति परिचालन जोखिम भत्ता | 782066 |
| प्रदेश कोभिड कोषबाट | 0 | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 2367971 |
| अन्य स्रोतबाट प्राप्त गाडी भाडा बापत पालिकाहरुबाट | 97470 | क्वारेन्टिनमा रहेकाहरुलाई खाना तथा खाजा खर्च भुक्तानी । | 1876724 |
| गत आ ब को अल्या | 2485744.5 | अन्य शीर्षकमा भएको खर्च गाडी | 266900 |
| | | बाँकी | 5742645.5 |
| जम्मा | 12183214.5 | जम्मा | 12183214.5 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>कर वक्यौताः<br>कर नउठाएकोः सम्पत्ति तथा भूमिकर लगायतका कर सम्वन्धित आर्थिक ऐन अनुसार प्रत्येक वर्ष उठाउनुपर्दछ। पालिकाको सफ्टवेयरवाट केही करदाताको नमुना छनोट गरी अध्ययन विश्लेषण गर्दा देहायका २४ करदाताले समयमा रकम बुझाएको देखिदैन। उक्त करदातामध्ये अधिकांश करदाताले लामो समयदेखि कर विवरण दाखिला नगरेको, केही करदाताले २०७७।७८ देखि नै कर वक्यौता राखेको देखिएकोले ती करदाताको आर्थिक ऐन २०७७ अनुसार सम्पत्ति तथा भूमिकर र वहाल कर वापत रु.१६०६९७।०० असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>सिनं</th><th>वक्यौता राख्ने करदाता</th><th>रकम</th></tr>
<tr><td>१</td><td>धुलिखेल सनराईज होटल</td><td>८७५००</td></tr>
<tr><td>२</td><td>नेपाल वैक लिमिटेड</td><td>३१६३४</td></tr>
<tr><td>३</td><td>रविन्द्र कुमार सुमन व्यञ्जु</td><td>१६३५९</td></tr>
<tr><td>४</td><td>अनिल चन्द्र धुजु श्रेष्ठ</td><td>२५२०४</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६०६९७</td></tr>
</table></td><td>१६०,६९७</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>प्रमाणित हाजिरी बिबरण पेश नभएको<br>असिष्टेन्ट सब ईन्जिनियर रती श्रेष्ठलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।६।२१ को निर्णयअनुसार शैलुङ गाउँपालिका दोलखाबाट धुलिखेल नगरपालिकामा कामकाज गर्न खटाइएको व्यहोराको पत्रबाट देखिन्छ । मिति २०७७।९।२१ मा शैलुङ गाउँपालिका दोलखाले निज मिति २०७७।३।२३ मा गाउँपालिकमा नियुक्त भएकी असिष्टेन्ट सब ईन्जिनियर रती श्रेष्ठलाई उक्त गाउँपालिकाबाट तलब भत्ता भुक्तानी नभएको व्यहोराको पत्र संलग्न राखी मिति २०७७।६।२२ देखि धुलिखेल नगरपालिकाले हाजिरी भएको भनि भौ नं ४५७।२०७८।२।१६ बाट निजको २०७७ आषाढ २३ देखि २०७८ बैशाख सम्मको तलब भत्ता रु ३५३१०१।३ भुक्तानी गरेको छ । निजको नियुक्ती मिति शैलुङ गाउँपालिका दोलखाले २०७७।३।२३ भनेकोमा सो खुल्ने प्रमाण संलग्न छैन साथै २०७७।३।२३ देखि २०७७।६।२४ सम्म निजको प्रमाणित हाजिरी बिबरण बेगर तीन महिनाको रु८६४३०। रकम भुक्तानी गरेको देखिएकोले प्रमाणीत हाजिरी बेगरको भुक्तानी भएको उक्त रकमको प्रमाण पेश हुनु पर्ने रु</td><td>८६,४३०</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कर्मचारी अन्य भत्ता<br>कर्मचारी अन्य भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ।स्थानीय तहले कानून नबनाई यो बर्ष नपा तर्फका स्थायी अस्थायी तथा करारका कर्मचारीहरुलाई अन्य भत्ता शीर्षकमा रु.२५७२८६४।खर्च गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **करार कर्मचारीहरुलाई थप सुबिधा**<br>नगरपालिकाले कार्यपालिकाको निर्णयबाट करार सेवामा कार्यरत १६ जना करार कर्मचारीहरुलाई शुरु तलबको १० प्रतिशत कर्मचारी संचयकोष र रु.४०० बीमा बापत थप गरी तलब भत्ता भुक्तानी भएको देखिन्छ । नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी तथा कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने तथा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त संघीय कानून बमोजिम हुनेगरी स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । नगरपालिकाले कार्यपालिकाको निर्णयबाट १६ जना करार कर्मचारीहरुको कर्मचारी संचयकोष तथा बिमा बापतको रकम सुविधा भुक्तानी प्रचलित संघीय कानूनको सिद्धान्त र मापदण्ड बमोजिम स्वीकृत भएको नदेखिएकाले नगरपालिकालाई बीमा बापत रु. ७६८००। तथा क सं कोष बापत रु ४८६४०८। थप व्ययभार परेको छ । | |
| २३ | | | **प्रोत्साहन सुबिधा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलब स्केल र सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । यसरी प्रदेश सरकारले नतोकेसम्मको सुविधा नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । बाग्मती प्रदेश सरकारले स्थानीय सेवाका कर्मचारीहरुले अतिरिक्त कार्य बापतको खर्च भुक्तानी सम्बन्धी कानूनको व्यवस्था नगरेको अवस्थामा नगरपालिकाले भौचर नं ६३१।३।२४ बाट कोरोनामा खटिने १५ जना कर्मचारीहरुको २०७८ बैशाख १ देखि नै ५० प्रतिशत प्रोत्साहन सुबिधा रु २२२८६५। भुक्तानी गरेको छ। कोरोनामा प्रत्यक्ष रुपमा खटिने अन्य कर्मचारीलाई भने २०७८ बैशाख १५ देखि मात्र भत्ता भुक्तानी गरेको देखिएकोमा निजहरुले कोरोनाको समयमा के कुन कार्य गरेको हो सो खुल्ने प्रमाण संलग्न बेगर भुक्तानी भएको बैशाख १ देखि १५ सम्मको २५ प्रतिशत रकम रु१११४३२। मा कर रु१६७१४। कट्टी गरी बाँकी रु९४७१८। असूल हुनु पर्ने रु. | ९४,७१८ |
| २४ | | | **सक्सन मेशिन सेफ्टी ट्याँकी सफाई तथा ब्याक हो लोडर संचालन**<br>सक्सन मेशिन सेफ्टी ट्याँकी सफाई: कार्यालयमा रहेको एकवटा सक्सन मेशिनले यस आ.व. २०७७।०७८ मा नगद आम्दानी रु १३५०००। गरेको छ भने ८३ घण्टा कार्य गरेको देखिएको छ । उक्त मेशिनमा यो वर्ष भएको खर्च मध्ये इन्धनमा खपत ९८० लि मर्मत कार्यमा रु.४९२००० र एक जना करारमा रहेको चालकको पारिश्रमिक रु.२६४१२०। खर्च भएको देखियो।उक्त मेशिनले के कती कार्य गर्यो सो को रेकर्ड अद्याबधिक रुपमा राखेको देखिएन ।यस प्रकार सरकारी साधनको उपभोग र सोको प्रतिफललाई हेर्दा लागत लाभ सिद्धान्त र न्यूनतम लागतको सिद्धान्त समेतलाई विचार नगरी भएको कार्यको सम्वन्धमा कार्यपालिकाको ध्यान जानु आवश्यक छ।<br>ब्याक हो लोडर: कार्यालयमा रहेको एकवटा ब्याकहोलोडरले यस आ.व. २०७७।०७८ मा नगद आम्दानी गरेको छैन भने २६४ घण्टा कार्य गरेको देखिएबाट आम्दानी भएको पाइएन।उक्त ब्याक हो लोडरमा यो वर्ष भएको खर्च मध्ये इन्धन २३५० लि मर्मत कार्यमा रु.१५१३०० र एक जना करारमा रहेको चालकको पारिश्रमिक रु.२६४१२०। खर्च भएको देखियो । उक्त मेशिनले के कती कार्य गर्यो सो को रेकर्ड अद्याबधिक रुपमा राखेको देखिएन । यस प्रकार सरकारी साधनको उपभोग र सोको प्रतिफललाई हेर्दा लागत लाभ सिद्धान्त र न्यूनतम लागतको सिद्धान्त समेतलाई विचार नगरी भएको कार्यको सम्वन्धमा कार्यपालिकाको ध्यान जानु आवश्यक छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेकासंग खरिद**<br>सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १९ -१ मा बीस हजार भन्दा बढी रकमको खरीद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासंग खरिद गर्नु पर्ने सम्बन्धि व्यबस्था छ ।जस अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा नगरपालिकाले निम्नानुसारको खरिद कार्य गरेकोमा उक्त फर्महरु मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका देखिएकोले कानून बिपरीत भुक्तानी दिएको रु८०५७००। रकमअनियमित देखिएको रु<br><br>भौ नं मिति \| भुक्तानी पाउने \| काम \| रकम<br>६६६।०७८।३।२९ \| सफल्ता भेहिकल सर्भिस एण्ड ड्राईभिङ स्कूल \| मोटर ड्राईभिङ तालिम संचालन \| २६८१००<br>६६३।०७८।३।२८ \| सफल्ता भेहिकल सर्भिस एण्ड ड्राईभिङ स्कूल \| मोटर ड्राईभिङ तालिम संचालन \| २६८१००<br>६६१।०७८।३।२८ \| बि एम के ड्राईभिङ स्कूल \| मोटर ड्राईभिङ तालिम संचालन \| २६९५०० | ८०५,७०० |
| २६ | | | **खर्चको मापदण्ड**<br>अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं. ७.१.१५ मा तालिम, गोष्ठी सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख छ । सो मापदण्डलाई आधार लिई खर्च गर्नु पर्नेछ । सो देखि बाहेकका विषयहरु र उल्लिखित दरभन्दा अधिक दरमा खर्च गर्नु परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५ मा तोकिएभन्दा फरक नम्सको प्रयोग गरी नगरपालिकाको गोष्ठी, तालीम, भ्रमण तथा अनुशिक्षण कार्यक्रम संचालन गर्ने खर्चको मापदण्ड सम्बन्धि कार्यविधि नबनाई कार्यपालिकाको निर्णयको आधारमा मापदण्ड स्वीकृत गरी कार्यक्रम खर्च गर्ने गरको पाईयो । नगरसभाबाट पारीत नगराई कार्यपालिकाको निर्णयको आधारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ। | |
| २७ | ६६० | २०७८-३-२८ | **बीमा प्रिमियम अनुदान**<br>संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर नगरपालिकाले ६६०-२०७८\०३\२८ बाट नित्य चण्डेश्वरी कृषि सहकारी संस्था लि लाइ बीमा प्रिमियम वापत रु१६७४९० भुक्तानी गरेको देखिएको छ उक्त संस्थाले के कार्यको बीमा गरेको हो सो को प्रमाण संलग्न गरेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>अबलोकन भ्रमणमा खर्च<br>नगरपालिकाले कर्मचारीहरुको मानव संशाधन बिकास तथा संस्थागत बिकासका निम्नानुसारको रकम अध्ययन अबलोकन भ्रमण खर्च शीर्षकमा खर्च गरेको देखिन्छ। स्थानिय निकायको क्षमता अभिबृद्धि गर्ने कार्यमा खर्च गर्नु पर्ने रकम अबलोकन भ्रमणमा खर्च भएको देखिन्छ । भ्रमणको उद्येश्य तथा उपलब्धि के भयो सो सम्बन्धमा यकिन गर्न सकिएन । स्थानिय निकायले क्षमता अभिबृद्धि हुने कार्यमा उपलब्धी मूलक ढंगले प्रभाबकारी कार्यमा मात्र खर्च गर्नु पर्नेमा उद्येश्य तथा कम उपलब्धि हुने अवलोकन भ्रमणमा रकम खर्च गरेको उचित देखिएन । सरकारी रकम खर्च गर्दा उद्येश्यमुलक, उत्पादनमुलक एवं उपलब्धीमुलक कार्यमा खर्च हुनुपर्दछ । अध्ययन अबलोकन भ्रमण खर्चका केही उदाहरणः
<table>
<tr><th>भौ नं मिति</th><th>बिबरण</th><th>खर्च रकम</th><th>उपस्थित संख्या</th><th>भ्रमण अबधि</th><th>कैफियत</th></tr>
<tr><td>२८२।२०७७।१०।२९</td><td>अन्तर नगरपालिका अबलोकन भ्रमण तथा अनुगमन</td><td>१८३५००</td><td>७ जना वडा नं ७ को भुक्तानी</td><td>२०७७।१०।१८ देखि २४ सम्म</td><td>लमजुङ पोखरा देखि बिर्तामोड झापा सम्म</td></tr>
<tr><td>३६५।२०७७।१२।२५</td><td>अध्ययन अबलोकन भ्रमण</td><td>४३६०००</td><td>१६ जना</td><td>२०७७।१२।१२ देखि १९ सम्म</td><td>काठमाडौ देखि कालिकोट हुँदै मुगु सम्म</td></tr>
<tr><td>५३१।२०७८।३।८</td><td>अध्ययन अबलोकन भ्रमण</td><td>४५८०००</td><td>२८ जना</td><td>२०७७।१२।६ देखि ११ सम्म</td><td>इलाम झापा ताप्लेजुङ धरान लगायत</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>एज बिल्ट ड्रइङ्ग<br>एज बिल्ट ड्रइङ्ग : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायि बीच भएको सम्झौताको Special Condition of Contract को GCC मा निर्माण व्यवसायीले कार्य सम्पन्न भएको ३० दिनभित्र एज बिल्ट ड्रइङ्गपेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा निम्नानुसारको रकम रोक्का गर्ने उल्लेख छ । तर यस वर्ष निर्माण सम्पन्न भएका देहाय अनुसारका निर्माण कार्यको अन्तिम बिल बापत निर्माण व्यवसायिलाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०७८।१०।२० सम्म पनि एज विल्ट ड्रइङ पेश भएको नपाइएको रु
<table>
<tr><th>ठे.नं.</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता रकम रु.</th><th>एज बिल्ट ड्रइङ वापत रोक्का राख्नु पर्ने रकम</th></tr>
<tr><td>DMO/NCB/Works.076/77-07</td><td>ट्रिटमेन्ट प्लान्ट मर्मत</td><td>ब्राईट नेपाल कन्ट्रक्सन धुलिखेल</td><td>१४९०७२५</td><td>२००००</td></tr>
<tr><td>DMO/NCB/Works.077/78-15</td><td>कवर्ड हल निर्माण कार्य</td><td>एबिएस।बि पि जे भी धुलिखेल</td><td>२४१९१५९।४९</td><td>५००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७००००।</td></tr>
</table></td><td>७०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**बीमा सम्बन्धमा**

बीमाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित निम्न ठेक्कामा बीमाको प्राबधान राखेको नदेखिएकोले सम्झौता तथा त्रुटि सच्याउने अवधि कभर हुने गरी बीमा गराएर मात्र सम्झौता गर्नु पर्ने देखिन्छ।

<table>
<tr><td>ठे नं</td><td>काम</td><td>निर्माण व्यबशायी</td><td>सम्झौता रकम</td></tr>
<tr><td>DMO/NCB/Works.077/78-15</td><td>कवर्ड हल निर्माण कार्य</td><td>एबिएस।बि पि जे भी धुलिखेल</td><td>२४१९१५९।४९</td></tr>
<tr><td>DMO/NCB/Works.076/77-07</td><td>ट्रिटमेन्ट प्लान्ट मर्मत</td><td>ब्राईट नेपाल कन्ट्रक्सन धुलिखेल</td><td>१४९०७२५</td></tr>
<tr><td>DMO/NCB/Works.077/78-01</td><td>शौर्य बत्ति जडान कार्य</td><td>नेवाल पावर सोलुसन प्रा लि</td><td>२१७७३२८६।२२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**पूर्वनिर्धारित क्षतिपुर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्ती कर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायिको ढिलाईको कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारण तथा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतीपुर्ति दिनु पर्ने उल्लेख छ । मिति २०७७।११।३० सम्म कार्य अबधि रहेको औधोगिक ग्राम पहुँच मार्ग निर्माण कार्यको निर्माण व्यवसायि सुसन कन्स्ट्रक्सनले सम्झौता अबधिमा कार्य सम्पन्न गर्न नसकेकोमा खरिद नियमाबली बमोजिमको प्रकृया अनुसार म्याद थपका लागि निबेदन पनि पेश नगेको साथै कार्यालयले उक्त कार्यको म्याद थप पनि गरेको देखिएन । यस आ ब मा उक्त निर्माण व्यवासयी लाई सम्झौता रकम रु ४७६९५०१। मा २०७७।९।३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयले उक्त कार्यको शुरुलागतमा रु १०७७२९६।३० बढी हुन गई रु ५७३४०३५। को लागत संशोधन स्वीकृत गरेको देखिएको छ । सम्झौता बमोजिमको समयमा कार्य सम्पन्न हुन नसकि १ महिना ढिलो गरी कार्य गरेको अवस्थामा समेत म्याद थप बेगर भुक्तानी भएकोले निर्माण व्यवसायी तथा कार्यालय बीच भएको सम्झौता अनुसार सम्झौता रकमको दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशत रु २८६७।का दरले ३० दिनको हुन आउने रकम रु ८६०१०। पूर्वनिर्धारित क्षतिपुर्ति असूल गर्नुपर्ने देखिएको रु.

</td><td>८६,०१०</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>

**कर बिजक**

कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीबाट मु.अ.कर रु.३७७९१३ समेत रु. ३२८४९४१। निर्माण कार्य गरेको छ । तसर्थ उक्त निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल रु.

<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>कर विजकको अवस्था</td><td>भुक्तानी</td><td>मू अ कर</td></tr>
<tr><td>स्थानिय पूर्वाधार बिकास तर्फ ३।२०७८।१।८</td><td>बी पी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि</td><td>बिजक हातले लेखेको</td><td>३८३४०९</td><td>४४१०९</td></tr>
<tr><td>स्थानिय पूर्वाधार बिकास तर्फ ६।२०७८।३।२८</td><td>सुसन कन्स्ट्रक्सन</td><td>बिजक केरमेट गरेको</td><td>२९०१५३२</td><td>३३३८०४</td></tr>
<tr><td></td><td></td><td></td><td>३२८४९४१</td><td>३७७९१३</td></tr>
</table>
</td><td>३७७,९१३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **भेरियसन**<br>भेरिएसन आदेश बेगर भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६३ को नियम ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिन सक्नेछ भनी उल्लेख गरेकोमा नगरपालिकाले कबर्ड हल निर्माणको निर्माण व्यबशायी एबिएस।बीपी जेभी संग सम्झौता गरी निजको सम्झौता अंक रु.२४१९१५९।४९ को ४९.१७ प्रतिशत रु.११८९६७८। बराबरको मात्र कार्य सम्पन्न गरेको अवस्थामा भौ नं ११।२०७८।३।२७ बाट भुक्तानी गरी कार्य सम्पन्न गरेको छ । सम्झौता भन्दा ५०.८३ प्रतिशत घटि कार्य सम्पन्न गरेको अवस्थामा कारण सहितको भेरिएसन आदेश स्वीकृत गराउनु पर्नेमा  भेरिएसन स्वीकृत गरेको देखिएन । अतःभेरियसन आदेशको स्वीकृती बेगर ४९.१७ प्रतिशत मात्र भएको कार्यलाइ सम्पन्न गरिने कार्यलाई कानुन सम्मत भएको भन्न मिल्ने नदेखिएको रु | १,१८९,६७८ |
| ३४ | | | **ठेक्का व्यवस्थापनः**<br>ठेक्का व्यवस्थापनः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ।कार्यालयले यो वर्ष वोलपत्रको माध्यामबाट रु २८ करोड ८३ लाख  ५७ हजारका  १९ वटा ठेक्का सम्झौता गरेकोमा दोश्रो चौमासिकमा २ वटा र तेश्रो चौमासिकमा १७ वटा वोलपत्र आव्हान गरेको छ  । स्वीकृत कार्यक्रम अनुसार सम्पुर्ण कार्य प्रथम चौमासिमा गर्नु पर्नेमा सो बमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासिकमा ठेक्का व्यवस्था नगर्दा समयमा काम हुन सकेको छैन । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ । | |
| ३५ | | | **सम्झौता भन्दा बढी दरले भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ -१_ख_ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले समपुरक अनुदान तर्फ DMO/NCB/Works/2077/78-13 नेपाल पावर सोलुसन प्रा लि मकवानपुरलाई शौर्य बत्ति जडान कार्यको रु१३३७३८८६।भुक्तानी गरेकोमा आईटम नं ३८ को 10sq.mm4/c/cu/Ar Power Cable को काम ३५० मी गरेको देखिएकोमा सम्झौतामा प्रति मि रु ५०० का दरले भुक्तानी हुने गरी भएकोमा भुक्तानी गर्दा ६०० का दरले भुक्तानी गरेकोले बढी प्रति मि रु १०० का दरले ३५००० मा मू अ कर४५५० थप गरी रु ३९५५०। बढी दरले भुक्तानी गरेको रकम असूल हुनु पर्ने रु | ३९,५५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **अधुरा आयोजना**<br>अधुरा आयोजना – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.३३९२६८३३।३४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो बर्ष सम्मको खर्च |
|---|---|---|---|---|
| धुलिखेल सभाहल निर्माण | ड्रागन/अर्विट इन्जिनियरिङ्ग जे भी | ०१/२८/२०७७ | ०३/२८/२०७८ | २६९७३५३९/३४ |
| रबि लिफ्ट सिंचाइ निर्माण | फटिकेश्वर निर्माण सेवा | ०६/०४/२०७७ | ०१/३०/२०७८ | ५४६५९३९. |
| टिटमेन्ट प्लान मर्मत | ब्राइट नेपाल कन्स्ट्रक्सन | ०२/१३/२०७७ | २०७८।३।२० | १४८७३५५. |
| | | | | ३३९२६८३३.३४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**दर बिष्लेषण भन्दा बढी भुक्तानी**

दर विश्लेषण भन्दा बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स बमोजिम र नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरि नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत गराई स्विकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।नगरपालिकाले आ व २०७७।७८ का लागि तयार गरेको नम्स बमोजिमको दर विश्लेषण अनुसार देहायको कार्य गर्नका लागि निम्नअनुसारको दर कायम रहेकोमा भुक्तानी दिंदा दर फरक पारी भुक्तानी दिएकोले बढी दरमा भुक्तानी भएको रु ५६७८३।रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनु पर्ने रु

<table>
<tr><th>उपभोक्ता समिति</th><th>काम</th><th>परिमाण</th><th>दर बिष्लेषणमा भएको</th><th>भुक्तानी भएको</th><th>फरक दर</th><th>रकम</th></tr>
<tr><td>काभ्रेभञ्जाङ दारिबोट धुलिखेल सडक स्तरउन्नती उपभोक्ता समिति</td><td>carrying out the construction operation of grannualar sub base local loose gravel m3</td><td>७१५।९५</td><td>११३१</td><td>११८३।८८</td><td>५२।८८</td><td>३७८५९।</td></tr>
<tr><td>सौर्य देविथान स्कूलडाँडा सडक उपभोक्ता समिति</td><td>providing and laying local gravel work by manual means on prepared surface</td><td>३५७।८८</td><td>११३१</td><td>११८३।८८</td><td>५२।८८</td><td>१८९२४</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५६७८३</td></tr>
</table>

</td><td>५६,७८३</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**सोझै खरिद सम्बन्धमा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु ५ लाखभन्दा माथि रु२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै ३ वटासंग दर माग गरी खरिद पटक पटक खरिद गरीएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन। यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । नगरपालिकाले यस बर्ष सो नगरी बिभिन्न फर्महरुबाट रु.८८३७८६०। को कार्यालय सामान तथा सेवाहरु रु.१७३२७५६ को मेशिनरी औजार तथा

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
फर्निचरहरु सिधै खरिद गरेको देखिएको छ । साथै एउटै फर्मवाट पटक पटक सीमाभन्दा वढीको खरिद भएको देखिएकोले बोलपत्र तथा दरभाउपत्र छल्ने उद्देश्य राखी पटक–पटक सोझै विधिबाट गरेको खरिद कार्य न्युन गरी ऐन नियमको परिधिभित्र रहेर खरिद प्रकिया वढाउनुपर्ने देखिन्छ । सोझै खरिद गरेका केही उदाहरण निम्न छन्ः

| सप्लायर्स | खरिद बिबरण | भुक्तानी रकम |
|---|---|---|
| सुप्रिम जनरल सप्लायर्स | कार्यालय सामान | १२९२५४५ |
| मिराकल ट्रेडर्स | बिभिन्न सामान | २४६२९८२ |
| | | |

डीपीआर खर्च – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|
| श्रीखण्डपुर पुन्यमाता खोला पुल निर्माण | चिराउ कन्सल्टेयान्सी | 489990 | 489990 |
| श्रीखण्डपुर पुन्यमाता खोला पुल निर्माण बाटो परिक्षण | नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी | 476472 | 476472 |
| कभर्ड हल निर्माण | आरम्भ इन्जिनयरिङ्ग कन्सल्टीङ सर्भिस | 452000 | 452000 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु के कति कार्यान्वियनमा गए सो को समेत अभिलेख अद्यावधिक भएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>३९</td><td>५३८</td><td>२०७८-३-१५</td><td>
**वढी भुक्तानी**

**शिखर कटेरी लुईटेलटोल सडक स्तरोन्नति उपभोक्ता समिति**

वढी भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस  नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।१०।२० मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने  कार्यका लागि लगत ईस्टिमेटको आईटम नं १० तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा carrying out the construction operation of granular sub base local loose gravel को नापी कितावमा खुद कार्य १०६४.२५ घ.मी गरेको उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी ७.३४ घ.मी मात्र पेश गरेको देखिएकोले समग्रमा १०५६.९१ घ.मी परिमाणमा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङकन भई रु११८३.८८ को दरले  रु. १२५१२५४.६१ गो.भौ.नं ५३८ मिति २०७८।०३।१५ वाट भुक्तानी भएकोले उपभोक्ता समितिवाट  प्रमाण पेश हुनुपर्ने रु
</td><td>१,२५१,२५४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | ६६७ | २०७८-३-२८ | **ग्याविन वक्स**<br>**देविस्थान काभ्रे भञ्ज्याङ सडक स्तरोन्नति उ.स**<br>**ग्याविन वक्सः** वढी भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।१०।२० मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०२ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा ग्याविन वक्स को नापी कितावमा खुद जाली लगाउने कार्य १८ घ.मि उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी १४ घ.मि मात्र पेश गरेको देखिएकोले समग्रमा ४ घ.मि परिमाणमा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङकन भई रु.२८५०।०० को दरले वढी रु. ११४००।०० गो.भौ.नं ६६७ मिति २०७८।०३।२८ वाट भुक्तानी भएकोले यस उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु. | ११,४०० |
| ४१ | ६८१ | २०७८-३-२९ | **लुज ग्राभेल**<br>**आरुवोट तिलखोरिया ग्रामिण सडक उपभोक्ता समितिः**<br>**लुज ग्राभेलः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।११।२५ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ११ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा लुज ग्राभेल विछ्याउने कार्यका लागि नापी कितावमा ३२१ घ.मि उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी ५१.१ घ.मि मात्र पेश गरेको देखिएकोले समग्रमा २६९.९ घ.मि परिमाणमा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङकन भई रु.११८३.८८ को दरले रु. ३१९५२९.२१ गो.भौ.नं ६८१ मिति २०७८।०३।२९ वाट भुक्तानी भएकोले यस उपभोक्ता समितिवाट प्रमाण विल पेश हुनुपर्ने रु. | ३१९,५२९ |
| ४२ | ७०३ | २०७८-३-३० | **पि सि सि फर आर.सि.सि**<br>**वज्रयोगिनी मन्दिरदेख गोसाँईकुण्ड जाने वाटो मर्मत उ.स**<br>**पि.सि.सि फर आर.सि.सिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।११।२६ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०५ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा पि.सि.सि फर आर.सि.सि कार्यका लागि नापी किताव तथा नर्म्स अनुसार सिमेण्टको परिमाण जम्मा ३३३ वोरा लाग्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी २९० वोरा मात्र पेश गरेको देखिएकोले समग्रमा ४३ वोरामा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङकन भई रु.७६८ को दरले वढी रु. ३३०२५।८३ गो.भौ.नं ७०३ मिति २०७८।०३।३० वाट भुक्तानी भएकोले यस उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु. | ३३,०२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | ६७३ | २०७८-३-२९ | **वढी भुक्तानीः**<br>**भगवती मार्गवाट अघोरीमार्ग वाटो ग्राभेल उ.स**<br>क) **बढी भुक्तानी :**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 20७७ को नियम 3९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गरि भुक्तानि दिनु पर्दछ । वाटो ग्राभेल निर्माणका लागि मिति २०७८।०१।१४ मा न.पा र यस उपभोक्ता समितिवीच सम्झौता भएकोमा २०७८।०३।२५ मा पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार लागत ईष्टिमेटकोआईटम नं ४ Providing and laying granular sub-base मा खुद२९४.४५ घ.मी. कार्य भएको भनी प्राविधिक मूल्याङकन भएकोमा सम्पन्न साथ पेश भएको खरिद विजकमा जम्मा उक्त मालको २०४.४० घ.मि को मात्र प्रमाण पेश भएकोमा प्राविधिकवाट वढी मूल्यांकन भई रु २५५२.०७ कोदरले रु २२९८१३.९१ वढी भुक्तानी भएकोले सम्वन्धित उ.स वाट असुल हुनुपर्ने रु.<br><br>ख) वाटो ग्राभेल तथा पिच गर्ने कार्यका लागि मिति २०७८।०१।१४ मा न.पा र यस उपभोक्ता समितिवीच सम्झौता भएकोमा २०७८।०३।२५ मा पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार लागत ईष्टिमेटको आईटम नं ६ Prime coat मा १८५५ के.जी Item no 7 Tact coat मा २२९५.४८ के.जी Item no 8, premix carpet मा ४१८९.४७ के.जी गरी जम्मा जम्मी ८३३९.४७ के.जी. विटुमिन प्रयोग भएको उल्लेख गरी प्राविधिक मूल्याङकन भएकोमा सम्पन्न साथ पेश भएको खरिद विजकमा जम्मा उक्त माल ७८०० के.जी को मात्र प्रमाण पेश भएकोमा प्राविधिकवाट ५३९.४७ के.जी वढी मूल्यांकन भई प्रति के.जी ८८.१४ को दरले गो.भौ.नं ६७३ मिति २०७८।०३।२९ वाट रु ४७५४८.८८ वढी भुक्तानी भएकोले सम्वन्धित उ.सवाट असुल हुनुपर्ने रु | २७७,३६३ |
| ४४ | ६२३ | २०७८-३-२५ | **पि.सि. सि फर आर. सि. सि**<br>**सेतीदेवि ढल तथा वाटो निर्माण उपभोक्ता समितिः**<br>**पि.सि.सि फर आर.सि.सिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७८।०२।२६ मा भएको सम्झौता अनुसार वाटो ढलान कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०३ Providing and laying of plain\ reinforced Cement concrete(P\RCC) grade M15 मा तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा पि.सि.सि फर आर.सि.सि कार्यका लागि नापी किताव तथा नर्म्स अनुसार गिटीको परिमाण जम्मा ११६.८५ घ.मी लाग्नुपर्नेमा नर्म्सअनुसार कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्तमाल उपभोक्ताले जम्मा जम्मी ९४.९ घ.मी मात्र पेश गरेको देखिएकोले समग्रमा २१.९५ घ.मी फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङकन भई रु.११५४० को दरले वढी रु. २५३३०३।०० गो.भौ.नं ६२३मिति २०७८।०३।२५ वाट भुक्तानी भएकोले यस उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु | २५३,३०३ |
| ४५ | ५१४ | २०७८-३-१० | **वढी भुक्तानीः**<br>**भट्टीडाँडा काभ्रेभञ्ज्याङ सडक स्तरोन्नति उ.स**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी दिंदा सम्झौता अनुसार दर विश्लेषण,उपभोक्ता समितिले खरिद गरेको विल विजकहरु र कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातको जाँच गरी भुक्तानी दिनुपर्दछ भन्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।१२।२५ मा भएको सम्झौता अनुसार वाटो सडक स्तरोन्नति तथा पिच गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०४ applying tact coat on the surface of pavement, का लागि १०९५.३१ लि. premix का लागि ११७२.४३ लि. तथा prime coat का लागि ४६९ लि गरी जम्मा २७२६.७४ लि. खपत भएको उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदन साथ पेश भएको खरिद विलमा उक्त सामानको परिमाणमा जम्मा १४०४ लि मात्र खरिद भएको देखिएकोले १३२२.७४ लि नभएको सामानको प्राविधिकवाट मूल्याङकन भई रु ८८.१४ को दरले गो.भौ.नं ५१४।२०७८।०३।१० वाट रु.११६५८६.३१ वढी भुक्तानी भएको देखिएकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु | ११६,५८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | १७७ | २०७७-१०-७ | **ग्राभेलमा वढी भुक्तानी**<br>**डाँडामुख देविटार अनैकोट सडक उ.स**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी दिंदा सम्झौता अनुसार दर विष्लेषण, उपभोक्ता समितिले खरिद गरेको विल विजकहरु र कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातको जाँच गरी भुक्तानी दिनुपर्दछ भन्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।०८।२९ मा भएको सम्झौता अनुसार वाटोसडक स्तरोन्नति गर्ने कार्यका लागि लागत ईस्टिमेटको आईटम नं ०२ providing and laying local gravel work on prepeared surface कार्यका लागि खुद काम १०६०.३९५ भएको नापी किताववाट देखिएकोमा कार्यसम्पन्न प्रतिवेदन साथ पेश भएको खरिद विलमा उक्त सामानको परिमाणमा जम्मा ७५९.२० घ.मि मात्र खरिद भएको देखिएकोले ३०१.१९५ घ.मि नभएको सामानको प्राविधिकवाट मूल्याङकन भई रु ११३१ को दरले गो.भौ.नं १७७।२०७७।१०।०७ वाट वढी भुक्तानी भएको देखिएकोले ३४०६५१.५५ रकम सम्वन्धितवाट विल प्रमाण पेश हुनुपर्ने रु | ३४०,६५१ |
| ४७ | ४२७ | २०७८-१-९ | **पि.सि.सि वर्कः**<br>• **लामिछाने गांउ देविस्थान सापकोटा गांउ सडक उ.स**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानी दिंदा सम्झौता अनुसार दर विष्लेषण, उपभोक्ता समितिले खरिद गरेको विल विजकहरु र कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातको जाँच गरी भुक्तानी दिनुपर्दछ भन्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।०९।२२ मा भएको सम्झौता अनुसार वाटो सडक स्तरोन्नति गर्ने कार्यका लागि लागत ईस्टिमेटको आईटम नं ०३ plain cement concrete work(1:2:4)foundation including collection of matarial grad M15 कार्यका लागि गिटीमा ८१.६ घ.मि. खुद काम भएको नापी किताववाट देखिएकोमा कार्यसम्पन्न प्रतिवेदन साथ पेश भएको खरिद विलमा उक्त सामानको परिमाणमा जम्मा ५८.४४ घ.मि मात्र खरिद भएको देखिएकोले २३.२ घ.मि नभएको सामानको प्राविधिकवाट मूल्याङकन भई रु ३३३३.५ को दरले गो.भौ.नं ४२७।२०७८।०१।०९ वाट वढी भुक्तानी भएको देखिएकोले ७७३३७.२० रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु. | ७७,३३७ |
| ४८ | ७७ | २०७७-७-२४ | **वढी भुक्तानी**<br>**भट्टीडाँडा काभ्रेभञ्ज्याङ सडक स्तरोन्नति उ.स**<br>क) **बढी भुक्तानी :**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गरि भुक्तानि दिनु पर्दछ । वाटो ग्राभेल तथा पिच गर्ने कार्यका लागि मिति २०७६।०१।१७ मा न.पा र यस उपभोक्ता समितिवीच सम्झौता भएकोमा २०७८।०३।२५ मा पेश गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार लागत ईष्टिमेटको आईटम नं ४.३ Prime coat मा २१७०.३५ के.जी Item no ४.४ मा Tact coat मा ४२४९.६८ के.जी Item no ४.५, premix carpet मा ७९५५.५० के.जी तथा Item no ४.४ 10providing and laying sand seal मा ३७७८.६१ गरी जम्मा जम्मी १७०६८.७९ के.जी. विटुमिन प्रयोग भएको उल्लेख गरी प्राविधिक मूल्याङकन भएकोमा सम्पन्न साथ पेश भएको खरिद विजकमा जम्मा उक्त माल १६२२४ के.जी को मात्र प्रमाण पेश भएकोमा प्राविधिकवाट ८४४.७९ के.जी वढी मूल्यांकन भई प्रति के.जी ९१.९३ को दरले गो.भौ.नं ७७ मिति २०७७।०७।२४ वाट रु ७७६६१.५५ वढी भुक्तानी भएकोले सम्वन्धित उ.स वाट असुल हुनुपर्ने रु<br>ख) यस नगरपालिका र प्रस्तुत उपभोक्ता समितिवीच भएको सम्झौताको लागत ईष्टिमेट तथा मिति २०७७।९।२३ मा भएको कार्यसम्पन्न प्रतिवेदनमा लागत अनुमानको आईटम नं ८ मा ग्याविन वालमा खुद २८ पिस वक्स प्रयोग भएको नापी कितावमा उल्लेख गरेको भएतापनि सम्पन्न साथ पेश गरेको कागजात तथा विजकमा यस्तो वस्तु खरिद जम्मा १४ पिस मात्र खरिद भएको देखिएकोले वास्तविक मालभन्दा वढीको नापी गरी रु.४९९१.१९७२ को दरले गो.भौ.नं ७७ मिति २०७७।०७।२४ वाट रु ६९८७६.७६ भुक्तानी भएकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु. | १४७,५३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | विभिन्न ५ | २०७८-३-३० | **आन्तरिक लेखापरीक्षणका व्यहोराः**<br><br>यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः<br><br>क) १४५।२०७७।९।६तामाङ गाउं स्वर्गे होमेन दोभान ढलान गर्ने कार्यको लागी ३% कन्टेन्जेन्सी समेत रु. ६,१६,९७६।२५ को ल.ई. तयारी भई कन्टेन्जेन्सी वाहेक रु. ५,९६,९०६।२७ को मुल्यांकन भएकोमा उक्त योजनामा रु. ६,१०,८८४।०० भुक्तानी भएकोले मुल्यांकन भन्दा वढी भुक्तानी भएका १३,९७७।७३ सम्वन्धीत उपभोक्ता समिति संग असुल गर्नु पर्ने रु.<br><br>ख) पानी टयांकी नमोवुद्ध जोडने सडक वडा स्तरीय योजना कुल ल.ई. कन्टेन्जेन्सी समेत रु ४,०६,५८१।२४ को लागत अनुमान तयारी भई न.पा.को. रु. ३,४०,०००।०० र उ.स.को रु. ६७,६०४।०० समेत जम्मा रु. ३,९७,४०४।०० भुक्तानी भएकोमा उक्त योजनामा कन्टेन्जेन्सी वाहेक रु. ३,९१,३१४।७२ को अन्तिम मुल्यांकन भएकोले मुल्यांकन भन्दा वढी भुक्तानी भएको सम्वन्धीत उपभोक्ता समिति संग असुल गर्नु पर्ने रु.<br><br>ग) धुलिखेल शारदा वतासे शंखु सडकका लागी कार्यालयको रु. ३४,००,०००।०० उपभोक्ता समतिको लागत सहभागीता रु. ६,८०,०००।०० समेत रु. ४०,८०,०००।०० विनियोजन भई रु. ४०,७९,७९२।६१ को लागत अनुमान तयार भई रु. ४०,३८,१०१।१६ को मुल्यांकन भई सोही वोजीम भुक्तानी भएकोमा उ.स. वाट भएको कामको मुल्यांकन 1.Lab test of RCC cube test and as per instruction of site engineer 20,000.00 2. Lab test of RCC Cube test and core cutting all work complete 25,000.00 समेतको मुल्या.कन भएको तर उक्त कार्यको मु.अ.कर विजक र विस्तृत विवरण संलग्न भएको नदेखीएकोले उक्त कागजात संलग्न गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु.<br><br>घ) वडा नं ८ घाटखोला खानेपानी क्रमागत योजनका लागी गत आर्थिक वर्षमा रु ३१,०९,९६५।०० भुक्तानी भइ यस आ.व.मा रु. १३,६४,७४९।०० समेत कुल रु. ४४,७४,७१४।०० उपभोक्ता समितिलाई भुक्तानी भएकोमा उ.स.वाट भएको कार्यको अन्तिम प्राविधिक मुल्यांकन रु. ४४,२७,५७७।२७ भएको देखिएकोमा मुल्यांकन भन्दा वढी भुक्तानी भएको असुल उपर गर्नु पर्ने रु<br><br>ङ) सिटाघारी खोपानी येजना वडा नं ८ का लागी कार्यालयवाट रु. ९,०००००।०० र उपभोक्ता समितिको लागत सहभागीता रु. १,८०,०००।०० समेत वाट उक्त योजनाको अन्तिम मुल्यांकन रु. ८,७५,६३८।७० भएकोमा कार्यालयवाट विभिन्न किस्तामा उक्त कार्यको लागी रु. ९,११,१६१।०० भुक्तानी भएकोले योजनामा भए गरेको अन्तिम मुल्यांकन भन्दा वढी निकासा भएको रकम सम्वन्धीत उपभोक्ता समिति संग असुल उपर गर्नु पर्ने रु<br>च) भगवती मार्ग वाटो स्तर उन्नती कार्यको लागी अन्तिम मुल्यांकन गर्दा Lab test of Gravel base Bitumin content snd core cutting all necessary test to be done as per site engineer requirement Valuation job 25,000.00 भएकोमा उक्त कार्यको लागी ल्याव टेष्ट गरि प्रतिवेदन दिने संस्था मेह जियो ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.ले मु.अ.कर समेत रु. १६,१५९।०० को विजक उपलव्ध गराएकोले विल भन्दा वढी रकम मुल्यांकन गरि उपभोक्ता समिति लाई भुक्तानी भएकोले वढी भुक्तानी सम्वन्धीत संग असुल गर्नु पर्ने रु.<br>६) न्यौपाने गाउं पण्डितथोक आरुवोट डांडागाउं खानेपानी योजना कन्टेन्जेन्सी समेत ल.ई. रु. ३०,६१,०००।७२ को तयार भई कार्यालयको ८०% र उ.स.को २०% नगदै लागत साझेदारीमा योजना संचालन भएकोमा उक्त योजनामा भएको जम्मा कामको कन्टेन्जेन्सी वाहेक रु. २४,४७,३१७।५२ मुल्यांकन भएकोमा उक्त रकमको ८०% ले हुन आउने रकम रु १९,५७,८५४।०० भुक्तानी हुनु पर्नेमा कार्यालयको रु. २०,४५,५७९।०० भुक्तानी भएकोले वढी भुक्तानी असुल गर्नु पर्ने रु. | २७४,३११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | १९४ | २०७७-१०-१२ | **फलामे डण्डी**<br>वि.पि. राजमार्ग शारदा वतासे शंखु सडक उ.स<br>**फलामे डण्डीः** यस नगरपालिका र प्रस्तुत उपभोक्ता समितिवीच भएको सम्झौताको लागत ईष्टिमेट तथा मिति २०७७।१२।०५ मा भएको कार्यसम्पन्न प्रतिवेदनमा लागत अनुमानको आईटम नं ५.१ मा providing and laying fitting and placing HYSD(8 MM) कार्यका लागि एम.एस रड ८४९८.६४ के.जी प्रयोग भएको नापी कितावमा उल्लेख गरेको भएतापनि सम्पन्न साथ पेश गरेको कागजात तथा विजकमा यस्तो वस्तु खरिद जम्मा ८००५ के.जी मात्र खरिद भएको देखिएकोले ४९३.६४ के.जी वास्तविक मालभन्दा वढीको नापी गरी रु.१०८.५२ को दरले गो.भौ.नं १९४।२०७७।१०।१२ वाट रु ५३५६९.८१ भुक्तानी भएकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु | ५३,५७० |
| ५१ | ४१० | २०७८-१-६ | **पि.सि.सि फर आर.सि.सिः**<br>वि.पि. राजमार्ग शारदा वतासे सडक उ.स<br>क) **पि.सि.सि फर आर.सि.सिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गरि भुक्तानि दिनु पर्दछ । यस यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।०९।२२ मा भएको सम्झौता अनुसार वाटो सडक स्तरोन्नति गर्ने कार्यका लागि लागत ईस्टिमेटको आईटम नं ६.१ पि.सि.सि फर आर.सि.सि ग्रेड एम १५ कार्यका लागि गिटीमा १८०.८८ घ.मि. खुद काम भएको नापी किताववाट देखिएकोमा कार्यसम्पन्न प्रतिवेदन साथ पेश भएको खरिद विलमा उक्त सामानको परिमाणमा जम्मा १३८.७ घ.मि मात्र खरिद भएको देखिएकोले ४२.१७ घ.मि नभएको सामानको प्राविधिकवाट मूल्याङकन भई रु २९५० को दरले गो.भौ.नं ४१०।२०७८।०१।०६ वाट वढी भुक्तानी भएको देखिएकोले रु.१२४२३१।०० रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु<br>ख) **फलामे डण्डीः** यस नगरपालिका र प्रस्तुत उपभोक्ता समितिवीच भएको सम्झौताको लागत ईष्टिमेट तथा मिति २०७७।१२।०५ मा भएको कार्यसम्पन्न प्रतिवेदनमा लागत अनुमानको आईटम नं ७.२ मा providing and laying fitting and placing HYSD(8 MM) कार्यका लागि एम.एस रड ८२५२.६५९८ के.जी प्रयोग भएको नापी कितावमा उल्लेख गरेको भएतापनि सम्पन्न साथ पेश गरेको कागजात तथा विजकमा यस्तो वस्तु खरिद जम्मा ८१२५.५६ के.जी मात्र खरिद भएको देखिएकोले १२७ के.जी वास्तविक मालभन्दा वढीको नापी गरी रु.१०८.५२ को दरले गो.भौ.नं ४१०।२०७८।०१।०६ वाट रु १३७९२.८९ भुक्तानी भएकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु. | १३८,०२४ |
| ५२ | | | **सशर्त शिक्षाः** | |
| ५२.१ | | २०७८-१०-१४ | प्रावि शिक्षक दरबन्दी अनुपात १३:१ देखिएकोले राष्ट्रीय दरबन्दी मिलानमा यस नगरपालीकाबाट ८१ वटा दरबन्दी कट्टा गर्नुपर्नेमा निमावि र मावि मा नपुग दरबन्दी प्राविबाट पुलमा कायम गरी खुद पुलमा रहेका ३७ दरबन्दी मध्ये २२ वटा रिक्त दरबन्दी शिक्षा ईकाइ काभ्रे मार्फत सम्बन्धित पालीकामा पठाई सकेको छ।बाँकी १५ वटा दरबन्दी सुविधा सहितको अवकास (golden handsake) लागि सूचना निकालेको र यसै आ व मा उक्त दरबन्दी मिलान पूर्णत हुने देखीएको छ। कक्षा १-१२ सम्मका कुल विद्यार्थि संख्या ४१७५ रहेकोमा राज्यको कुल लगानी रु.१९ करोड रहेकोमा प्रति विद्यार्थि लागत रु. ४५५०९ देखीएकोले शिक्षा क्षेत्रमा राज्यको लगानीले शैक्षिक उत्पादकत्व कम रहेको देखियो।<br>• तीनवटा विद्यालयमा विद्युतीय पाठय सामाग्री वाट कक्षा संचालन गर्न चिल्लो पात एजुकेशन ईन्ष्टिीच्यूट प्रा.लि. लई रु. ३,०५,०००।०० भुक्तानी भएकोमा सोको सक्कल मु.अ.कर विजक संलग्न नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.२ | | २०७८-१०-१३ | **बढी ग्रेड भुक्तानीः** शिक्षकहरुको ग्रेड भुक्तानीगर्दा विद्यालय शिक्षक किताबखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायका शिक्षकहरुको ग्रेड भुक्तानी गर्दा सो प्रतिवेदनमा उल्लेख भएभन्दा बढी ग्रेड भुक्तानी दिएको रकम असुल हुनुपर्ने | ६१,६६४ |

| सि.नं. | विद्यालय | शिक्षक | बढी ग्रेढ संख्या | महिना | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्रीखण्डपुर मा.वि | मञ्जु पौडेल | १ | १३ | १३३४८ |
| २ | संजिवनी मा वि | अरुणावती चित्रकार | १ | १३ | ८२७२ |
| ३ | श्रीखण्डपुर मा.वि | प्रेमलाल सुवाल | १ | १३ | १३३४८ |
| ४ | शंखेश्वरी प्रा वि | राजुदेवी थापा खत्री | १ | १३ | १३३४८ |
| ५ | सरस्वती मा वि | उद्धव प्रसाद बडाल | १ | १३ | १३३४८ |
| जम्मा | | | | | ६१६६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.३ | २४७ | २०७८-३-२४ | **सियुजी सेवा मार्फत सिकाई सहजिकरण कार्यक्रमः**सियुजी सेवा मार्फत सिकाई सहजिकरण कार्यक्रमका लागि २७ विद्यालय मध्ये २० वटालाई विद्यालयहरुलाई फोन मार्फत विद्यार्थीसँग सम्पर्क खर्च भनि प्रति विद्यार्थि रु.१२५ का दरले तीन महिनाको टक टाईम रहने गरी कुल रु.८०९६२५ निकासा भएकोमा नेपाल टेलिकमको बिल विद्यार्थिलाई वितरण गरेको भरपाई, विद्यार्थिको सङख्या खुल्ने प्रमाण र सो को अनुगमन प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ। यसरी प्रतिवेदन पेश हुन नसकेका निम्न विद्यालयलाई गएको रकम असुल हुनुपर्दछ | ४५४,६७६ |

| क्रस | विद्यालयको नाम | कुल जम्मा विद्यार्थी | रु १२५ का दरले ३ महिनाको जम्मा | निकासा | खर्च टेलिकम को संलग्न वील | दाखिला गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | देवीस्थान मावि देवीटार | १५०.०० | ५६२५०.०० | ५६२५०.०० | 0 | ५६२५० |
| २ | गोल्मादेवी आवि देवीटार | ४९.०० | १८३७५.०० | १८३७५.०० | ८८९६ | ९४७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | सेतीदेवी मावि रवि | २१२.०० | ७९५००.०० | ७९५००.०० | ३५९७४ | ४३५२६ | |
| | | | ५ | पञ्चकन्या आवि चोलामाथ | ५५.०० | २०६२५.०० | २०६२५.०० | ० | २०६२५ | |
| | | | ६ | श्रीखण्डपुर मावि श्रीखण्डपुर | २३७.०० | ८८८७५.०० | ८८८७५.०० | २९३९८ | ५९४७७ | |
| | | | ७ | पूर्णसञ्जीवनी लङ्कनामाई मावि | २५०.०० | ९३७५०.०० | ९३७५०.०० | ३४९४३ | ५८८०७ | |
| | | | ८ | हरिसिद्धि आवि धुलिखेल | ९.०० | ३३७५.०० | ३३७५.०० | ३१२५.०० | २५० | |
| | | | १० | बालमन्दिर आवि अड्डाबजार | ५७.०० | २१३७५.०० | २१३७५.०० | २०५०१ | ८७४ | |
| | | | ११ | सरस्वती मावि बडालगाउँ | १२६.०० | ४७२५०.०० | ४७२५०.०० | १९८५७ | २७३९३ | |
| | | | १२ | विनायक बालआवि बडालगाउँ | ५८.०० | २१७५०.०० | २१७५०.०० | ११०९४ | १०६५६ | |
| | | | १३ | करथरी मावि काभ्रे | ८२.०० | ३०७५०.०० | ३०७५०.०० | २०६३० | १०१२० | |
| | | | १४ | बछलादेवीआवि | ५७.०० | २१३७५.०० | २१३७५.०० | ५५४४ | १५८३१ | |
| | | | १६ | नवज्योति प्रावि राणाछाप | १२.०० | ४५००.०० | ४५००.०० | २८३६ | १६६४ | |
| | | | १७ | बालचेतना प्रावि | १५.०० | ५६२५.०० | ५६२५.०० | ३५०० | २१२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालज्योति आवि बतासे | ५३.०० | १९८७५.०० | १९८७५.०० | १३७९६ | ६०७८ |
| १९ | कालिका मावि बतासे | १६९.०० | ६३३७५.०० | ६३३७५.०० | १५०६ | ४७७७४ |
| २० | हनुमान मावि पाल्लेखेत | १६२.०० | ६०७५०.०० | ६०७५०.०० | १५०१३ | ४५७३७ |
| २२ | महाँकालआवि | ३८.०० | १४२५०.०० | १४२५०.०० | १४२५०.०० | ० |
| २३ | कालीदेवी मावि डाँडागाउँ | १६६.०० | ६२२५०.०० | ६२२५०.०० | २४२४० | ३८००९ |
| २४ | शंखेश्वर महालक्ष्मी मावि शंखु | २०२.०० | ७५७५०.०० | ७५७५०.०० | ७५७५०.०० | ० |
| जम्मा | | २१५९ | ८०९६२५ | ८०९६२५ | ३५४९४९ | ४५४६७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | २०७८-३-२१ | **स्वास्थ्यतर्फ सशर्तः**<br>**तलब तथा ग्रेडः** निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २० अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन निजामती किताबखानाबाट पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्ने छ। यस्तै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६\५\१८ को पत्रबाट स्थानिय तहका कर्मचारी र संघबाट स्थानिय तहमा खटिएका कर्मचारीहरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्न परिपत्र गरेको भएतापनि यस नगरपालिकामा कार्यरत स्वास्थ्य सेवातर्फका स्थाई कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी पालिकाले आ.व २०७७\७८ मा ४४ जना स्थायी स्वास्थ्य कर्मचारीहरुको भुक्तानी गरेको देखिन्छ।तलबी प्रतिवेदन पारीत नभएको हुदा कर्मचारीहरुलाई के कति दर र संख्यामा ग्रेड बापत खर्च लेखेको हो यकिन गर्न सकिएन।त्यसैले नियमानुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलब र ग्रेड बापत खर्च लेख्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५४ | | २०७८-२-२० | **सामाजिक सुरक्षातर्फः**<br>**सामाजिक सुरक्षातर्फः** पालीकाले सामाजिक सुरक्षातर्फ रु ९४३१२०७५ विनियोजन भएकोमा रु ८९३७२९७८।३८ खर्च भई बाँकी रकम ४९३९०९६।६२ दाखिला भएको देखियो। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा पहिलो चौमासिकको forward feed तोकिएकै समयमा निकालेर बैकंलाई उपलब्ध गराएको देखियो।तर बैकले उक्त पहिलो\दोश्रो चौमासिकको reverse समयमा नगर्दा नगरपालिकाले दोश्रो\तेस्रो चौमासिकको forward feed निकाल्न ढिला भई तोकिएको समयमा भत्ता वितरण गरेको पाईयो। | |
| ५५ | | | **फोहोर व्यवस्थापन गर्ने कार्यः**<br>फोहोर व्यवस्थापन गर्ने कार्यः नगरपालिकाको नगरभित्रको फोहोर मैला व्यवस्थापनको लागि नेप्सेम्याक सेवा प्रा लि सँग मिति २०७६।७७ देखि लागु हुने गरी सम्झौता गरी फोहोर व्यवस्थापन गर्ने कार्य गर्दै आएको पाइयो । यो बर्ष उक्त सेवा प्रदायकलाइ रु.३६५०८८५। भुक्तानी भएको छ । सार्बजनिक खरिद नियमाबली बमोजिमको सोझै खरिदको सीमा बाहिरको भुक्तानी गरेको देखिएकोमा प्रतिश्पर्धाको माध्यमबाट उक्त कार्य नगरी गत बर्षकै सेवा प्रदायकसंगको सम्झौतालाई आधार मानि कार्य गरेको उचित देखिएन । अतः सार्बजनिक खरिद नियमाबलीको कार्यन्यनमा नगरपालिकाले ध्यान दिनु पर्ने देखियो । | |
| ५६ | | | **प्रमाण बर्गरको खर्च**<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ -५_ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले नगर नमूना बिद्यालय अनुदान शीर्षकमा देहायका बिद्यालयलाई निम्नानुसारको रकम रु २२९५०००। निकासा गरेकोमा उक्त बिद्यालयहरुले सम्बन्धित शिक्षकहरुलाई रकम बितरण गरेको भरपाई संलग्न नरहेकोले सो को प्रमाण पेश हुनु पर्ने रु | २,२९५,००० |

| बिद्यालयको नाम | रकम |
| --- | --- |
| सेती देबी मा बि | २५५००० |
| देबिस्थान मा बि | २५५००० |
| श्रीखण्डपुर मा बि | २५५००० |
| पूर्मा संजिबनी मा बि | २५५००० |
| सरस्वती मा बि | २५५००० |
| बछलादेबी मा बि | २५५००० |
| वाज्योती मा बि | २५५००० |
| कालिदेबी मा बि | २५५००० |
| शंखेश्वर महालक्ष्मी मा बि | २५५००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>शीर्षक फरक पारी खर्च<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा (३) मा अख्तियार प्राप्त रकम स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने समेतको सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने उल्लेख छ । कार्यालयले यो वर्ष नगरपालिका चालु शीर्षकमा निर्मित सार्बजनिक सम्पत्तिको मर्मत संभार खर्च शीर्षकबाट देहायका भौचर नं बाट बिभिन्न फर्निचर सोफा तथा अन्य सामान खरिद तथा मर्मत कार्य गरेको नदेखिएकोले शीर्षक फरक पारी खर्च लेखेको रकम अनियमित देखिएको रु
<table>
<tr><td>भौ नं मिति</td><td>कामको बिबरण</td><td>भुक्तानी भएको सप्लायर्स</td><td>रकम</td></tr>
<tr><td>७४।२०७७।६।१८</td><td>सोफा कुर्सि मर्मत</td><td>सुगम फर्निचर ईण्डष्ट्रीज</td><td>३३००१६</td></tr>
<tr><td>२८४।२०७७।११।३</td><td>पाबर सकेट बल्ब लाईट दियो आदि खरिद</td><td>आकास जनरल सप्लायर्स</td><td>२२३५२९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५५३५४५</td></tr>
</table></td><td>५५३,४५४</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>प्रमाण बेगरको खर्च<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५_ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था छ । धुलिखेल न.पा. भित्र स्थायी वसोवास गर्ने विद्यार्थीहरुका लागी निःशुल्क उच्च शिक्षा तथा अन्य विद्यार्थी लाई ५०% निःशुल्क छात्रवृति र पुस्तकालाय सुद्धढीकरणका लागी देहाय वमोजीमका सामुदायीक क्याम्पसहरु लाई देहाय वमोजीम रकम निकासा भएकोमा सो रकम वाट भएका छात्रवृती वितरण सम्वनधी निर्णय, न.पा र क्याम्पस विच भएको छात्रवृती वितरण सम्वन्धी संझौता तथा उक्त खर्चको विल भर्पाइ संलग्न गर्नु पर्ने रु
<table>
<tr><td>बिबरण</td><td>कार्य। प्रयोजन</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>धुलिखेल क्याम्पस</td><td>उच्च शिक्षा छात्रबृति तथा क्षमता बिकास र शिक्षण सहयोग अनुदान</td><td>१२,२३,०००</td></tr>
<tr><td>संञ्जीवनी कलेज</td><td>उच्च शिक्षा छात्रबृति</td><td>८०००००</td></tr>
</table></td><td>२,०२३,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **प्रमाण बेगरको खर्च**<br>आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५_ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था छ ।<br>धुलिखेल नगरपालिकाले निम्नानुसारका भौ नं बाट देहायको सामाग्री खरिद गरेको देखिएकोमा सम्बन्धितलाई बितरण गरेको नदेखिएकोले बितरणको प्रमाण पेह हुनु पर्ने रु | ५०८,७५७ |

| भौ नं मिति | भुक्तानी बिबरण | सामाग्री बिबरण | खरिद परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| ५७०।०७८।३।१४ | रौतन प्रिन्टीङ सपोर्ट | स्वअध्ययन सामाग्री | ४११ थान | ६१९।२४ | २५४५०७ |
| ७०५।०७८।३।२० | सगुन प्रिन्टर्स | बिद्यार्थीहरुलाई होम वर्क डायरी | १५०० थान | १६९।५ | २५४२५० |
| जम्मा | | | | | ५०८७५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **विविधः**<br>गो.भौ.नं. ५० मिति २०७७\१०\२९ सिर्जना कन्स्ट्रक्सनको निमार्ण कार्य बाफतको धरौटी फिर्ता रु १२२००० मा मूल्य अभिवृद्धि कर समायोजनको पत्र नरहेको।<br>निम्न विद्यालयलाई छात्रवृत्तिको रकम भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा सो को बिल भर्पाई पेश हुन सकेनः | १३२,८०० |

| **सि.नं.** | **विद्यालयको नाम** | **प्रमाण बेगरको भुक्तानी** |
|---|---|---|
| १ | हरिसिद्धि आ वि | २००० |
| २ | संजिवनि मा वि | ५६०० |
| ३ | शान्तिपुर प्रा.लि. | २८०० |
| ४ | करथरी मा.वि. | ४०० |
| **जम्मा** | | **१०८००** |

| ६१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

अनुगमन तथा निरीक्षण

**सम्परीक्षणः** नगरपालिकाबाट गत बर्षको निम्नानुसारको बेरुजू फछ्र्यौट गरी सम्परीक्षणका लागि पेश गरेकोमा प्रमाण कागजातका आधारमा निम्ननानुसार रु ५७०१२१५.६ सम्परीक्षण गरिएको छ ।

| आ ब | दफा नं | फछ्र्यौटको व्यहोरा | रकम रु |
|---|---|---|---|
| २०७६।७७ | ७१ | जोखिम भत्ता खर्च रु.१३९३२४ लेखेकोमा भत्ता भुक्तानी गर्दा १५% करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा १.५% मात्र करकट्टी गरी भुक्तानी गरेकाले नपुग आयकर रु१९५०५.६ असुल भएको प्रमाण पेश हुन आएको | १९५०५.६ |
| २०७६।७७ | ५६ | पेश्की फछ्र्यौट सम्बन्धमा नगरपालिकाले बिभिन्न मितिमा गोश्वारा भौचर पेश्की फछ्र्यौटको निबेदन बैक भौचर तथा बील भरपाईका साथ प्रमाण कागजात पेश हुन आएकोले सोही प्रमाणको आधारमा उक्त पेश्की फछ्र्यौटको बेरुजु सम्परीक्षणका लागि पेश भएकोमा निम्नानुसार सम्परीक्षण भएको छ । | ५६८१७१० |

| क्र सं | पेश्की लिनेको नाम तथा बिबरण | फछ्र्यौट रकम | फछ्र्यौटको भौ नं मिति |
|---|---|---|---|
| १ | बीमा तथा नबिकरण खर्च हरी बहादुर भुजेल | ३००००० | ५।२०७७।५।२७ |
| २ | नगरस्तरीय भैपरी योजना हरी बहादुर भुजेल | ३६६७१० | ७७।२०७७।७।२४ |
| ३ | धुलिखेल मनोरञ्न पार्क ऐ के निर्माण सेवा | १००००० | ४४५।२०७८।१।१५ |
| ४ | स्वास्थ्य संस्था भवन निर्माण न्यू डाईमन्ड अर्बिट इन्जिनियरिङ | २०३५००० | १९।२०७७।७।३ |
| ५ | मट्टी डाँडा काभ्रेभन्ज्याङ सडक स्तरउन्नती उ स | २८८०००० | ७१।२०७७।१०।१२ |
| | जम्मा | ५६८१७१० | |

**अनुगमन तथा सम्परीक्षण–** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।नगरपालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 100835 | ५७०१ | ३३१०८ | 0 | १२८२४२ |